CMC

धर्मार्थ काममोक्षाणां आरोग्यं मूलमुत्तमम्

मिति: २०७९/०६/१८ गते

# प्रेस विज्ञप्ती

चितवन मेडिकल कलेजमा २०७९/०६/१७ गते विहान गम्भिर अवस्थामा उपचारका लागि ल्याएका भरतपुर-१३ का एक बिरामीको उपचारका क्रममा मृत्यु भएको विषयलाई लिएर अस्पतालमा गरिएको तोडफोड र सिर्जना गरिएको आतंकप्रति यस मेडिकल कलेज गम्भिर आपत्ति प्रकट गर्दछ ।

चितवनको भरतपुर महानगरपालिका वडा नं. १३ उजेलीनगरका ३६ बर्षिय रमेश कुँवर असोज १७ गते विहान गम्भिर अवस्थामा चितवन मेडिकल कलेजमा भर्ना भई दिउँसो १२.१५ बजे आइसियूमा राखेर उपचार गरिएकोमा उनको सोहि दिन साँझ ५ : १५ बजे निधन भएको थियो । अस्पतालको विवरण अनुसार बिरामी आउँदा नै Severe acute pancreatitis with septic shocked with multiple organ dysfunction भई आएको र कुँवरलाई भेन्टिलेटर सपोर्टमा राखि कम भएको रक्त चाप लाई उपचार गर्न प्रेसर बढाउने Vasopressor प्रयोग गरी अथक प्रयास गर्दा गर्दै सघन उपचार कक्षमामा कुँवरको Severe acute pancreatitis with septic shocked with Septic shock with ARDS with AKI with Severe and Metabolic Acidosis को कारण ले निधन भएको हो । उहाँको निधन प्रति मेडिकल कलेज परिवार दुःख व्यक्त गर्दछ । बिरामी बचाउने कलेजको अथक प्रयास, बिरामीमा भएको संक्रमणको अवस्था, उपचारको प्रोटोकल जस्ता विषयलाई बुझ्नेसम्म प्रयास नगरी लार्पवाही गरेको भनेर गरिएको प्रचार र भएको आक्रमणप्रति दुःखी भएका छौं ।

नेपालीहरूको महान पर्व वडा दसैंको अवसरमा सबै जना आआफ्नो परिवारसँग बसेर पर्व मनाइरहेका बेला आफ्नो घर परिवार छाडेर जनताको उपचारमा दिनरात खट्ने स्वास्थ्यकर्मी र अस्पताल माथि भएको यो ढंगको आक्रमण र दुर्व्यवहारले काम गर्न असहज अवस्था उत्पन्न भएको छ ।

हुलले लापर्वाहीको संज्ञा दिएर कलेजको मेडिकल आइसियू, अस्पतालको मुख्यद्धार, उपचार गर्ने महत्वपूर्ण ठाँउहरु, सवारी साधानहरु माथि गरिएको तोडफोडमा संलग्नहरूलाई कानुन अनुसार कारर्वाही गर्न र अस्पतालमा भएको क्षतिको क्षतिपूर्ति दिलाउन हामी जोडदार माग गर्दछौं । साथैं, घटनाको निष्पक्ष छानविन गर्न स्थानीय प्रशासन, नेपाल सरकारका सम्वन्धित निकायहरुलाई कलेज प्रशासन अनुरोध गर्दछ ।

CHITWAN MEDICAL COLLEGE (P) LTD. CMC ESTD. 2063 BHARATPUR-10, CHITWAN

प्रताप देवकोटा
प्रमुख प्रशासक
चितवन मेडिकल कलेज

**Chitwan Medical College (P) Ltd.** (Affiliated to Tribhuvan University)
**Chitwan**
**Hospital:** Bharatpur-10, P.O.Box No:42, Tel: +977-56-493555, Fax: +977-56-493937, **College:** Bharatpur-5, Kailashnagar Tel: +977-56-493111, Fax: +977-56-592964

**Kathmandu Office:**
Kathmandu-32, Tinkune, Nepal, Tel:+977-1-4111893

**Pokhara Office:**
Pokhara-9, Nayabazar, Nepal, Tel:+977-61-590980

**E-mail:** info@cmc.edu.np, **Website:** www.cmc.edu.np